# म्याग्दे गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
छाङ्ग, तनहुँ
गण्डकी प्रदेश, नेपाल

# ढुङ्गा, गिट्टी, बालुवा, लगायत नदीजन्य पदार्थहरुको लिलाम बिक्रीका लागि विद्युतिय माध्यमवाट बोलपत्र आव्हान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८३/०४/१८)

यस म्याग्दे गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८३/०४/०७ गतेको निर्णय बमोजिम तपशिलमा उल्लेखित स्थानहरुमा रहेका ढुङ्गा, गिट्टी, बालुवा, लगायत नदीजन्य पदार्थहरु जे जस्तो अवस्थामा छन सोहि अवस्थामा विद्युतिय माध्यमवाट बोलपत्र आह्वान गरि लिलाम बिक्री गर्नुपर्ने भएकाले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नविकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्र, ठेक्का प्रक्रियामा भाग लिन अयोग्य नभएको स्वघोषणा र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपशिल**

| सि.नं | सूचना नं./बोलपत्र न. | सामाग्रीहरुको विवरण | परिणाम (घन फिट) | न्युनतम बोलपत्र रकम (कर बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर(रु.) |
|---|---|---|---|---|---|---|
| १ | MRM-०२-२०८३/०८४ | थुप्रो नं. १- म्याग्दे-५ घडेरी, नक्सा नं.- छाङ्ग ७/ङ, कित्ता नं.- ५३,५४ र ५५ को जग्गाहरु, जि. पि. एस. विन्दु २७°५८'१८" उत्तरी अंक्षाश ८४°०७'३५" पूर्वी देशान्तर मा रहेको ढुङ्गा, गिट्टी, बालुवा | ९,०१,४०८/- | रु. ७२,११,२६४/- (बहत्तर लाख एघार हजार दुई सय चौसट्ठी रुपैया मात्र) | कबोल अङ्कको कम्तिमा १० प्रतिशत | रु. २,०००/- (दुई हजार रुपैया मात्र) |
| २ | MRM-०३-२०८३/०८४ | थुप्रो नं. ४- म्याग्दे-५ घडेरी, नक्सा नं.- छाङ्ग ७/ङ, कित्ता नं.- २७ र २८ को जग्गाहरु, जि. पि. एस. विन्दु २७°५८'१०" उत्तरी अंक्षाश ८४°०७'३१" पूर्वी देशान्तर मा रहेको ढुङ्गा, गिट्टी, बालुवा मिक्स | २,७६,८९६/- | रु.२२,१५,१६८/- (बाईस लाख पन्ध्र हजार एक सय अठसट्ठी रुपैया मात्र) | कबोल अङ्कको कम्तिमा १० प्रतिशत | रु. २,०००/- (दुई हजार रुपैया मात्र) |
| ३ | MRM-०४-२०८३/०८४ | थुप्रो नं. ६- म्याग्दे-३ झिरलौदी, मा जि, पि. एस. विन्दु २७°५७'५१" उत्तरी अंक्षाश ८४°०९'५४" पूर्वी देशान्तर, सेती नदीवाट करिव ४० मिटर दुरीमा रहेको ढुङ्गा, गिट्टी, बालुवा मिक्स | २,०६,९३७.५० | रु. १६,५५,५००/- (सोह्र लाख पचपन्न हजार पाचँ सय रुपैया मात्र) | कबोल अङ्कको कम्तिमा १० प्रतिशत | रु. २,०००/- (दुई हजार रुपैया मात्र) |

वोलपत्र फाराम सार्वजनिक खरिद अनुगमन कार्यालयको आधिकारिक वेवसाईट www.bolpatra.gov.np मार्फत मिति २०८३/०५/०८ गते दिनको १२ वजेसम्म विद्युतीय माध्यमबाट हेर्न र पेश गर्न सकिनेछ। साथै विस्तृत जानकारीको लागि यस कार्यालयको website:https://myagdemun.gov.np/ मा समेत हेर्न र कार्यालय समयभित्र फोन नं. ०६५-४००१०८ मा सम्पर्क गर्न सकिने छ ।

प्रमुख प्रशासकीय अधिकृत

नारायण प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत